प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट आज भएका गतिविधिहरु

***मिति २०७६/१२/२५ गते***

कोभिड-१९ सम्बन्धि जिल्ला कमाण्ड पोस्टले पोखरास्थित विभिन्न ६ वटा अस्पतालको अनुगमन गरेको छ | अस्पतालमा संचालित फिभर क्लिनिक, कोभिड-१९ शंकास्पद विरामीको चेकजाँच, एम्बुलेन्सको सेवाप्रवाह र नियमित सेवाको बारेमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, स्वास्थ्य कार्यालय प्रमुख लगायतको टोलीले अनुगमन गरेको हो ।






कोभिड - १९ नियन्त्रण र रोकथाम सम्बन्धि प्रयोगशाला व्यवस्थापन समितिका सदस्यहरु र प्रयोगशाला विज्ञहरुको बैठक स्वास्थ्य निर्देशनालयमा निर्देशक डा विनोद विन्दु शर्माको अध्यक्षतामा सम्पन्न भयो । बैठकले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको SOP follow गर्ने, आवश्यक जनशक्तिहरुलाई यथाशिघ्र तालिमको व्यवस्थापन गर्ने, गण्डकी प्रदेशमा BSL 2 ल्याबको स्थापना गर्ने, प्रयोगशाला विज्ञहरुको टोलि गठन गर्ने, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा Covid-19 का लागि Swab Collection बुथ यथाशिघ्र व्यवस्थापन गर्ने लगायतका निर्णय गरेको छ ।





Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमुना र नतिजा सम्बन्धि विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | |
| कास्की | 11 | 493 | 19 | 216 | 4 | - | 111 | - | 84 | 66 | 0 | 18 |
| स्यांग्जा | 34 | 1125 | 13 | 513 | - | - | 4 | - | 30 | 9 | 0 | 21 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | - | 42 | - | 0 | 0 | 0 | 0 |
| लमजुङ्ग | 68 | 949 | 29 | - | 4 | 183 | 5 | - | 11 | 11 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 2 | 2 | 0 | 0 |
| पर्वत | 11 | 375 | 7 | 185 | - | 326 | 20 | 6 | 32 | 23 | 0 | 9 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 3 | 3 | 0 | 0 |
| बाग्लुङ्ग | 23 | 150 | 26 | 815 | - | - | 9 | 0 | 18 | 16 | 2 | 0 |
| नवलपुर | 24 | 749 | 66 | - | - | - | 24 | - | - | - | - | - |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 46 | 7 | - | - | - | - | - |
| मुस्ताङ्ग | 15 | 96 | 7 | 2 | 4 | - | 10 | - | - | - | - | - |
| **जम्मा** | 283 | 4449 | 196 | 2567 | 88 | 1040 | 265 | 6 | 180 | 130 | 2 | 48 |

**साबुन पानीले हात मिचीमिची धोऔं।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं।**

लक डाउनको बेला घरमै बस्नुहोस । अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस । सामाजिक दुरी कायम राख्नुहोस

*Website: http://hd.gandaki.gov.np/*  *Email Address: hd.gandaki@gmail.com*

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०





पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोभिड-१९ को परिक्षण गर्ने नमुनाको संख्या दिनप्रतिदिन बढिरहेको हुनाले उक्त कार्यको प्रभावकारी व्यवस्थापनको निम्ति पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयबाट माइक्रो-सेन्ट्रीफ्यूज मेसिन प्राप्त भएको छ । यसअघि नै पोखरा स्वास्थ्य विज्ञानस्थित प्रयोगशालामा एउटा RT-PCR र अर्को Portable PCR मेसिनबाट कोभिड-१९ शंकास्पद विरामीको नमुना परिक्षण भैरहेको छ ।





गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्युले कोभिड -१९ डेडीकेटेड आइसोलेसन अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान-पश्चिमान्चल क्षेत्रिय अस्पताल र यहाँस्थित प्रयोगशालाको अवलोकन गर्नुका साथै आवश्यक निर्देशन प्रदान गर्नुभयो ।



**नबराज शर्मा**
**स्वास्थ्य शिक्षा प्रशिक्षक**
**स्वास्थ्य निर्देशानालय, पोखरा**

हेलो डाक्टर
१०९२ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको टोल फ्री नं. १०९२ मा सम्पर्क राख्नुहोस् ।